नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
# शिक्षा विभाग
(योजना तथा कार्यक्रम शाखा)
सानोठिमी, भक्तपुर

प.सं.: ०८३/८४
च.नं. ६४

मिति: २०८३/०५/२४

**विषय: विद्यार्थीलाई मनोसामाजिक परामर्शपश्चात् नियमित कक्षा सञ्चालन गर्ने सम्बन्धमा।**

**श्री सम्बन्धित स्थानीय तह, सबै।**

प्रस्तुत विषयमा रसुवा जिल्लाको भोटेकोशीमा आएको बाढीका कारण प्रभावित विद्यालयका विद्यार्थीहरूमा भय, त्रास, तनाव तथा अन्य मनोसामाजिक असर पर्न सक्ने भएकाले विद्यालयमा नियमित पठनपाठन सञ्चालन गर्नुअघि विद्यार्थीहरूको मनोसामाजिक अवस्था बुझ्नु तथा आवश्यक सहयोग उपलब्ध गराउनु जरुरी देखिन्छ।

तसर्थ, बाढी प्रभावित विद्यालयका विद्यार्थीहरूलाई नियमित कक्षा सञ्चालन गर्नुपूर्व सम्वन्धित विद्यालय तथा स्थानीय तहले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरूसँग आवश्यक समन्वय गरी विद्यार्थीहरूको मनोसामाजिक अवस्था पहिचान तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श तथा सहयोग उपलब्ध गराई नियमित कक्षा सञ्चालनका लागि तयार भएको सुनिश्चित गरी मात्र पठनपाठन सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ। साथै विपद्‌का कारण विद्यार्थीहरूको सिकाइमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै सुरक्षित तथा बालमैत्री वातावरणमा विद्यालय सञ्चालन गर्न सम्बन्धित विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायबीच आवश्यक समन्वय गरी कार्यान्वयन तथा सहजीकरण गर्नुहुन निर्णयानुसार अनुरोध छ।

२०८३/५/२४

निलकण्ठ ढकाल
निर्देशक

**बोधार्थ**

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

श्री सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइः स्थानीय तहमा आवश्यक समन्वय गर्नुहुन।